नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १५८ २०७८ साल माघ ७ गते शुक्रबार (21 Jan. 2022 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं,
सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पचास प्रतिशतले लगाए... ३ पृष्ठमा : राष्ट्रियसभा सदस्य निर्वाचन :... ३ पृष्ठमा :मैले गरेको काममा माफी...

## राष्ट्रिय बाणिज्य बैंकका प्रबन्धकसहित १४ कर्मचारी संक्रमित




**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

राष्ट्रिय बाणिज्य बैंक राजविराज शाखाका प्रबन्धकसहित १४ जना कर्मचारी कोरोना संक्रमित भएका छन् । १६ मध्ये १४ जना कर्मचारी संक्रमित हुँदा बैंकको सबै कारोबार समेत बन्द भएको छ ।

पछिल्लो पटक बिहीबार मात्र ३० जना संक्रमित थपिएपछि जिल्लामा विगत ९ दिन यता संक्रमित हुनेको संख्या १ सय ५४ पुगेको छ ।

यता कर्मचारीमा कोरोना संक्रमण भएपछि शाखाले बिहीबार आकस्मिक रुपमा माघ१० गतेसम्मका लागि सम्पूर्ण कारोबार बन्द गरिएको सूचना टाँस गरेको छ ।

पछल्लो पटक बिहीबार संक्रमित हुने ३० जना मध्ये १६ जना एउटै वडा राजविराज नगरपालिका ८ का छन् । अन्य संक्रमितहरु राजविराज नगरपालिकाको विभिन्न वडा, रुपनी गाउँपालिका, कंचनरुप नगरपालिका र अन्य जिल्लाको रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

बिहीबारसम्ममा सप्तरी जिल्ला अदालत र उच्च अदालत जनकपुर राजविराज इजलाशका सात जना न्यायाधिश र तीन कर्मचारी, प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर राजविराज सम्पर्क कार्यालयका ५६ जना सुरक्षाकर्मी पनि संक्रमित भइसकेका छन् ।

सप्तरीमा विगत पाँच दिनदेखी लगातारको शितलहरले जनजिवन थप कष्टकर बन्दै गएको छ भने कोरोना संक्रमण पनि तिब्र बन्दै गएको छ ।

चिसो हावा निरन्तर चलिरहँदा जनजिवन कष्टकर बनेको छ । सेवाग्राहीको आवागमन बढी हुने कार्यालयमा संक्रमित हुनेको संख्या बढ्दै गएपछि सन्त्रास बढेको छ । शितलहर बढेपछि जिल्लाको सहरी तथा ग्रामिण क्षेत्रका बासिन्दा बजार र टोलमा दाउरा बालेर आगो ताप्ने गरेको दृश्य देखिने गरिएको छ ।

चिसो बढेसँगै तापक्रम घट्ने क्रम निरन्तर जारि छ । बिहीबार साँझ ४ बजे राजविराजको तापक्रम १२ डिग्री सेल्सियस मापन गरिएको राजविराज विमानस्थलस्थित बुद्ध एयरका स्टेशन म्यानेजर अनिल राजवंशीले जानकारी दिदै चिसो ह्वातै बढ्दा यात्रुको चाप समेत घटेको बताए ।

## राष्ट्रियसभा निर्वाचनका लागि लोसपा एमालेबीच गठबन्धन

**दैनिक समाचारदाता**
**जनकपुर, ६ माघ ।**

राष्ट्रियसभा निर्वाचनका लागि लोसपा एमालेबीच गठबन्धन भएको छ ।

माघ १२ गते हुने राष्ट्रियसभा निवार्चनका लागि दुवै पार्टीले जनकपुरमा बिहीबार संयुक्त पत्रकार सम्मेलनमार्फत गठबन्धन भएको घोषणा गरेका हुन् ।

गठबन्धन भएसंगै लोसपाले एमालेका अन्य समुहका उम्मेदवार उसमान अन्सारीलाई समर्थन गर्ने भएको छ भने एमालेले लोसपाकी महिला उम्मेदवार रुपा कुमारी यादवलाई समर्थन गर्ने भएको छ ।

एमालेकी महिला उम्मेदवार बिना देवी साहले आफुले उम्मेदवारी स्थगित गर्दै लोसपाकी उम्मेदवार यादवलाई समर्थन गर्ने बताएकी छन् ।

पत्रकार सम्मेलनमा उपस्थित लोसपा मधेश प्रदेशका नेता जितेन्द्र सोनलले मुद्दा फिर्ता, नागरिकता विद्ययेक तथा संविधान संसोधन जस्ता मधेश र आफनो पार्टी लोसपाको मुद्दालाई सम्बोधन गर्न एमाले अध्यक्ष केपि शर्मा ओलीले देखाएको सदासयतालाई कदर गर्दै एमाले संग गठबन्धन गरेको बताए ।

एमालेका सचिव तथा पुर्व उपप्रधानमन्त्री रघुविर महासेठले जसपाका अध्यक्ष उपेन्द्र यादव सत्तामा पुग्न एमालेसंग मित्रता गर्ने र सत्ताबाट बाहिरए पछि एमालेलाई मधेश बिरोधी भनेर कुप्रचार गर्ने काम गरेको आरोप लगाउदै लोसपा संग मिलेर मधेशमा काम गर्न चाहेको बताए ।

## आगो ताप्ने क्रममा जलेर एक वृद्धाको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ६ माघ ।**

आफ्नै घरमा घुर बालेर ताप्ने क्रममा सर्लाहीको गोडैता नगरपालिकामा आगोबाट जलेर एक वृद्धाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गोडैता नगरपालिका ११ की ७५ वर्षीय देवकली साहदेवी रहेको छ ।

अत्यधिक जाडोका कारण बुधबाररराति घुर बालेर ताप्ने क्रममा उनले लगाएको कपडामा आगो सल्किन गई जलेर गम्भीर घाइते भएकी देवकलीको जिल्ला अस्पताल मलङ्गवामा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# चिसो र कोरोनाको कहर बढ्दै, सावधानी आवश्यक

केही दिनदेखी बढेको चिसोले जनजिबन कष्टकर बन्दै गएको बेला कोरोना संक्रमित हुनेको संख्यामा समेत बृद्धि हुँदै गएको छ । शितलहरसँगै बढेको चिसोले मानिसहरु बिरामी हुँदै गएका छन् भने कोरोना संक्रमित बढ्दै जाँदा अहिले मानिसहरु झनै त्रसित भएका छन् । चिसोका कारण रुखा खोकी, ज्वरो, टाउँको दुख्ने, जिउ दुख्ने लगायतका लक्षण कोरोनाको लक्षणसँग मिल्दो जुल्दो भएको हुँदा मानिसहरुमा कोरोना नै लागेको भन्ने शंका समेत उब्जिएको छ । हुन त चिसोको कारण बिरामी हुनु भनेको मौसमका कारण रहेकोले त्यसप्रति सतर्कता अपनाउनु अत्यन्त जरुरी छ । कोही चिसोले बिरामी परेका छन् भने कोरोना नै हो भन्ने कुरामा आत्तिनु पर्दैन् । बिरामी निको हुने घरेलु उपायहरु निकै छन् ।

यता चिसो र कोरोना दुबै सँग सँगै बढिरहँदा मानिसहरु आत्तिनु स्वभाविक हो । दुबैको एक मात्र उपाय सावधानी अपनाउनु हो । कोरोनाबाट बच्न सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्नु हो । सामाजिक दुरी कायमका साथै अनिवार्य मास्क तथा साबुन पानीले हात धुने वा सेन्टिाइजर प्रयोग गर्नु पर्छ । चिसो लागेको व्यक्तिले तातो पानी पिउनु आवश्यक छ भने कोरोना संक्रमित व्यक्तिले पनि तातो पानी नै प्रयोग गर्नुपर्छ ।

तसर्थ यस्ता रोगबाट बच्न तातो तातो खाना खानुपर्छ भने स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्नुपर्छ । चिसोबाट बिरामी हुने वित्तिकै कोरोना नै हो भन्ने कुराको संकोच गर्नुहुँदैन् । दुबै खाले बिरामीले आत्मबल बलियो बनाउनु पनि उत्तिकै आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पचास प्रतिशतले लगाए कोभिड-१९ विरुद्धको पूर्ण खोप

**राजु विश्वकर्मा**
जनकपुर, ६ माघ (रासस) ।

मधेश प्रदेशमा हालसम्म ५० प्रतिशतले कोरोनाविरुद्धको पूर्ण ( दोस्रो मात्रा) खोप लगाएका छन् । पछिल्लो दुई साताको अवधिमा मात्रै प्रदेशका जिल्लामा कोरोनाविरुद्धको खोप लगाउने दर करिब १२ प्रतिशतले बढेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

बढ्दै गएको कोरोना सङ्क्रमणको ग्राफ, खोपसम्बन्धी निरन्तरको प्रचार-प्रसार र स्थानीय जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको सक्रियताका कारण पछिल्लो समय खोप लगाउने दर बढेको हो । गत पुस २५ सम्म दोस्रो मात्रा खोप लगाउने १८ वर्षमाथि उमेर समूहको सङ्ख्या ३८ प्रतिशतमात्र रहेकामा पछिल्लो दुई साताको अवधिमा त्यो सङ्ख्या बढेर करिब ५० प्रतिशत पुगेको निर्देशनालयका निर्देशक विजय झले जानकारी दिनुभयो ।

उहाँका अनुसार पूर्ण खोप लगाउनेको सङ्ख्या सर्लाहीमा ६३ दशमलव तीन, धनुषामा ५२ दशमलव छ, बारामा ५३ दशमलव छ, पर्सामा ५१ दशमलव एक, सप्तरीमा ४७ दशमलव सात, सिरहामा ४६ दशमलव आठ, रौतहटमा ३९ दशमलव छ र महोत्तरीमा ३६ दशमलव छ प्रतिशत पुगेको छ ।

यस्तै १८ वर्षभन्दा माथि उमेर समूहका एक मात्रा मत्र खोप लगाउनेको सङ्ख्या भने करिब ५९ प्रतिशत छ । त्यसमध्ये सर्लाहीमा ७५, बारामा ७०, पर्सामा ६५, सिरहामा ६३, महोत्तरीमा ६९, धनुषामा ६४, सप्तरीमा ६१ र रौतहटमा ४५ प्रतिशत रहेको निर्देशक झाले बताउनुभयो । उमेरका हिसाबले १८ वर्षभन्दा माथि उमेर समूहका भन्दा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकामा खोप लगाउनेको सङ्ख्या बढी छ । निर्देशक झाका अनुसार मधेश प्रदेशमा १२ देखि १७ वर्ष उमेर समूहका करिब ६२ दशमलव दुई प्रतिशतले खोप लगाइसकेका छन् । "यो सङ्ख्या प्रदेशगत हिसाबले तेस्रो हो", उहाँले भन्नुभयो, "यसरी हेर्दा हामी बालबालिकालाई खोप लगाउनेमा तेस्रो प्रदेश भएका हौं । यसलाई अझै गति दिन निरन्तर प्रयास भइरहेको छ । "

सरकारले २०७८ पुस मासन्तभित्र ६६ प्रतिशत नागरिकलाई कोभिड-१९ बिरुद्धको खोप लगाउने लक्ष्य लिएकामा मधेश प्रदेशमा सो लक्ष्य पूरा हुन नसके पनि विगतको भन्दा अहिले खोप लगाउनेको दरमा वृद्धि भएको जनाइएको छ ।

यस्तै पुसको दोस्रो सातादेखि सङ्क्रमणको ग्राफ बिस्तारै बढ्दै जाँदा जोखिमी बढेको देखिएको हो । प्रदेशको आठवटै जिल्लामा हिजो एकै दिन २०० नयाँ सङ्क्रमित थपिएका छन् । निर्देशनालयका अनुसार पछिल्लो दुई दिनको अवधिमा प्रदेशमा ४०७ नयाँ सङ्क्रमित थपिएका छन् । हिजो एकैदिन प्रदेशभरि २०७ नयाँ सक्रमित थपिंदा धनुषामा ९१, सप्तरीमा ६५, सिरहामा २६, सर्लाहीमा आठ, बारामा १७ जनामा सङ्क्रमण पुष्टि भएको थियो । यसअघि अस्ति मङ्गलबार एकै दिन सप्तरीमा ६३, धनुषामा ५१, सिरहामा ३३, बारामा १६, सर्लाहीमा दुई र सबैभन्दा कम पर्सामा एकजना गरी २०० नयाँ सङ्क्रमित थपिएका थिए ।

योसँगै प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या करिब ८९० पुगेको छ । सङ्क्रमितमध्ये तीन जनाको पर्सा जिल्ला अस्पतालको आइसीयूमा र दुई जनाको सिरहा अस्पतालमा उपचार भइरहेको तथा बाँकी सङ्क्रमित एकान्त बासमा रहेको निर्देशक झाले बताउनुभयो । पछिल्लो तीन दिनमा कोरोना सङ्क्रमणका कारण धनुषा र सप्तरीमा एक-एक महिलाको मृत्यु भएको थियो ।

यस्तै कोरोना महामारी सुरु भएयता यस प्रदेशमा कोरोना सङ्क्रमणबाट हालसम्म ३९ हजार ५६८ सङ्क्रमित हुँदा उपचारपश्चात ३७ हजार ६३६ घर फर्किएका छन् भने एक हजार ४२ को मृत्यु भएको निर्देशनालयको तथ्याङ्कले देखाएको छ । कोरोना सङ्क्रमणको ग्राफ पहिलो र दोस्रो लहरकै झै बढ्दै गए पनि सङ्क्रमितमा अघिल्लो सङ्क्रमणको जस्तो स्वास्थ्य जटिलता भने नदेखिएको चिकित्सकले बताएका छन् ।

"मङ्सिरको अन्तिमदेखि पुसको दोस्रो सातासम्म कोरोना सङ्क्रमणदर स्थिर थियो", राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका डा रञ्जितकुमार झाले भन्नुभयो, "तर पछिल्लो केही सातादेखि दैनिक कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ, यो खतराको सङ्केत हो तर अहिलेसम्म धेरैमा त्यस्तो जटिलता देखिएको छैन तर स्वास्थ्य मापदण्ड पालना नगरेमा कोरोना सङ्क्रमण अझै फैलिन सक्ने तथा ठूलै समस्या उत्पन्न हुनसक्ने सम्भावना छ।"

"एकातिर छिमेकी मुलुक भारतमा तीव्रगतिमा कोरोना सङ्क्रमितको सङ्ख्या बढिरहेको छ भने अर्कोतर्फ उताबाट दैनिक सयौंको सङ्ख्यामा नेपालीहरू घर फर्किरहेकाले कोरोना सङ्क्रमण भयावह हुनसक्छ", डा झाले भन्नुभयो, "यस्तो दयनीय अवस्था आउन नदिन जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन समितिले नाकामा निगरानी र स्वास्थ्य परीक्षणमा कडाइ गर्नु जरुरी छ ।"

साथै सरकारले तोकेको स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गराउन र खोपलाई तीव्रता दिनु आवश्यक छ । यता कोरोनाको तेस्रो लहर आउन सक्ने जोखिमलाई दृष्टिगत गरी धनुषा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन समितिले स्वास्थ्य सर्तकतामा कडाइ गर्ने निर्णय गरेको छ । भारतीय सीमासँगै जोडिएको सीमानाकामा हेल्थ डेक्स स्थापना गरी एन्टिजेन विधिबाट स्वास्थ्य जाँच गर्न निगरानी बढाइएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताउनुभयो ।

जिल्लाको जनकनन्दनी गाउँपालिकाको इनर्वा, खजुरी गाउँपालिकाको महुवास्थित भारतीय सीमानाकामा हेल्थ डेक्स स्थापना गरिसकेको र नगराइन गाउँपालिकाको जटहीमा हेल्थ डेक्स स्थापना गर्ने तयारी भइरहेको उहाँको भनाइ थियो । यसबाहेक अग्रपङ्क्तिमा रहेर काम गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीलगायतलाई बुस्टर डोज खोप लगाउने तयारी भइरहेको जानकारी दिंदै प्रजिअ पौडेलले माघ ७ गतेदेखि खोप कार्ड अनिवार्य लागू गराउन जिल्लास्थित सबै निकायलाई पत्राचार गरिसकेको जानकारी दिनुभयो ।

मधेश प्रदेशमा कोरोना सङ्क्रमितको उपचारका लागि १५ शय्या, अस्पतालमा ३४६ आइसोलेशन शय्या, १९२ एडीयू शय्या, ९१ आइसीयू शय्या, ६३ भेन्टिलेटर छन् भने एक हजार ९६५ थान अक्सिजन सिलिन्डर मौज्दात रहेको निर्देशनालयले जनाएको छ । यस्तै प्रदेशभर१२ वटा पिसीआर

# प्रधानमन्त्री रोजगार कार्यक्रम : श्रमिकको ज्याला बढ्यो, बीमा अनिवार्य

काठमाडौं, ६ माघ (रासस) ।

सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतका योजनामा कार्यरत श्रमिकको ज्याला बढाएको छ । पुस अन्तिम साता बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका-२०७५ संशोधन गरेसँगै श्रमिकको ज्याला बढेको हो । निर्देशिका संशोधनसँगै पारिश्रमिकमा वृद्धि र अनिवार्यरुपमा बीमा कार्यान्वयनमा आउने भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रधानमन्त्री रोजगार कार्यक्रमका राष्ट्रिय निर्देशक डण्डुराज घिमिरेले मन्त्रिपरिषद् बैठकले निर्देशिका स्वीकृति गरेसँगै चालु आर्थिक वर्षबाटै ज्याला वृद्धिको निर्णय कार्यान्वयन हुने जानकारी दिनुभयो ।

कार्यक्रमअन्तर्गत बेरोजगार युवालाई दिने गरिएको रोजगारीको पारिश्रमिक कम भएको भन्ने धेरै गुनासो स्थानीय तहबाट आएपछि निर्देशिका संशोधनको प्रस्ताव मन्त्रालयले मन्त्रिपरिषद् बैठकमा पठाइएको थियो ।

अब मन्त्रालयले तोकेको दैनिक ज्यालादर रु ५७७ न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी स्थानीय तहको दररेटमा ८० प्रतिशतमा कम नहुने गरी भुक्तानी हुनेछ । गत साउनबाट सरकारले बढाएको न्यूनतम ज्यालाको दरअनुसार ज्यालादर निर्धारण गरिएको घिमिरेले जानकारी दिनुभयो ।

यसअघि प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सहभागी भएका बेरोजगार युवाले दैनिकरुपमा रु ५१७ ज्याला पाउने गरेका थिए । यसअघिको तुलनामा चालु आवबाट दैनिकरुपमा रु ६० ज्यालादर वृद्धि भएको छ । बेरोजगार युवालाई दिइने ज्याला दर न्यून रहेको भन्दै केही समय अघि अर्थमन्त्री जनादर्न शर्माले दैनिक ज्यालादर रकम दोब्बर बनाउन श्रम मन्त्रालयलाई निर्देशनसमेत दिनुभएको थियो ।

निर्देशक घिमिरेका अनुसार ∟ निर्देशिकामा श्रमिकको पारिश्रमिक सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा सम्बन्धित स्थानीय तहले निर्धारण गरेको दरमध्ये जुन बढी हुन्छ, सोही आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सरकारले गत साउनदेखि लागू हुने गरी महँगी भत्तासहित गरेर न्यूनतम पारिश्रमिक मासिक रु १५ हजार तोकेको छ । यो व्यवस्थाअनुसार श्रमिकले दैनिक रु ५७७ ज्याला पाउँछन् । अघिल्लो वर्ष सरकारले न्यूनतम पारिश्रमिक रु १३ हजार ४५० मात्र तोकेको थियो ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा पाँच वर्षभित्र बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यले २०७५ सालमा यो कार्यक्रम अघि सारिएको हो । बेरोजगार युवालाई वार्षिक कम्तीमा पनि १०० दिनको रोजगारी दिने गरी योजना थियो ।

**पाँच लाखको सामूहिक दुर्घटना बीमा**

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको रोजगारी पाएका श्रमिकको रु पाँच लाखको सामूहिक कार्यस्थल दुर्घटना बीमा हुने भएको छ । मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका संशोधन गरेर उक्त व्यवस्था लागू गरेको हो ।

नयाँ व्यवस्थाअनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएकामध्ये रोजगारीमा खटिने दुई लाख श्रमिकको काममा खटिएका १०० दिनको अवधिको मात्र सामूहिक कार्यस्थल दुर्घटना बीमा लागू हुनेछ ।

निर्देशिकाअनुसार श्रमिकको बढेको ज्याला र बीमा चालु आर्थिक वर्षबाट लागु हुने मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार बीमाका लागि चालु आवमा रु दुई करोड विनियोजन गरिएको छ । गत आवमा बीमाका लागि रु एक करोड ९९ लाख रकम विनियोजन गरिएको थियो ।

श्रम मन्त्रालयका अनुसार रोजगार व्यवस्थापन सूचना प्रणालीमा देशभरबाट सात लाख ४३ हजार ८१ हजार युवा बेरोजगार सूचीमा सूचीकृत भएका छन् । यो सङ्ख्या गत वर्ष नै प्रधानमन्त्री रोजगारका कार्यक्रममा आबद्ध हुनका लागि आवेदन दिएका बेरोजगारको हो । चालु आवमा रोजगार कार्यक्रमका लागि सरकारले रु १२ अर्ब बजेट विनियोजन गरेको छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचन : स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य

काठमाडौं, ६ माघ (रासस)।

निर्वाचन आयोगले कोभिड-१९ महामारीको सङ्क्रमण बढ्दै गएको विद्यमान अवस्थामा यही माघ १२ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा स्वास्थ्य मापदण्डको पालना गर्न-गराउन मतदान तथा मतगणना कार्यमा संलग्न हुने सबैलाई आग्रह गरेको छ।

निर्वाचनलाई व्यवस्थित र सुरक्षित बनाउन सरकारले जारी गरेको स्वास्थ्य मापदण्डको पालना गर्दै मतदान तथा मतगणना कार्यमा संलग्न हुने सबै मतदाता, मतदान कर्मचारी, उम्मेदवार, दलका प्रतिनिधि, सुरक्षाकर्मी तथा स्वयंसेवकलगायत सबै सरोकारवालालाई आग्रह गरिएको हो।

आयोगद्वारा बिहीबार यहाँ जारी निर्वाचनसम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्डमा मतदानस्थल तथा मतदान केन्द्रमा प्रवेश गर्न अनुमति पाएका सबै व्यक्तिले पूर्ण खोप लगाएको प्रमाण देखाई मास्क लगाएर मात्र प्रवेश गर्न तथा प्रवेश गर्नुअघि अनिवार्यरूपमा साबुनपानीले हात धुने र स्यानिटाइजर प्रयोग गर्न भनिएको छ।

मतदानस्थलमा तापक्रम मापन गर्ने थर्मलगन र आवश्यक स्वास्थ्य सामग्रीसहित दुई स्वास्थ्यकर्मी रहेको हेल्थ डेस्कको व्यवस्था हुनेछ। हेल्थ डेस्कको व्यवस्था सम्बन्धित प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयको समन्वयमा सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अस्पतालबाट गर्नुपर्नेछ। मतदानस्थल तथा केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, पर्यवेक्षक, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधि एवं मतदाताले मतदानस्थल वा केन्द्रमा आफ्नो जिम्मेवारीमा रहँदा आवश्यक सामाजिक दूरी कायम गर्नु पर्नेछ।

पूर्ण खोप लगायतका कर्मचारी तथा सुरक्षाकर्मीलाई मात्र मतदानस्थल, मतदान केन्द्र र मतगणनास्थलमा खटाइने र मतदान केन्द्र र मतगणनास्थलमा खटिने कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकलगायत सबैले अनिवार्यरूपमा फेसशिल्ड, पञ्जा र मास्क लगाउनुपर्ने आयोगले जनाएको छ।

मतदाताले मतपत्र प्राप्त गरी गोप्य कक्षमा गई मतदान गरिसकेपछि अनिवार्यरूपमा स्यानिटाइजरको प्रयोग गर्न तथा मतदान अधिकृतले समय- समयमा मतदान केन्द्रमा मतदाताले मतदान गरिसकेपछि गोप्य मतदान कक्षमा प्रयोग भएका स्वस्तिक छापलगायतका मतदान सामग्रीको अनिवार्यरूपमा निसङ्क्रमण गर्ने व्यवस्था मिलाउनुपर्ने आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

मतदान सम्पन्न भएपछि मतपेटिका सिल गर्नुअघि निसङ्क्रमण गर्ने र गणनाको लागि मतगणनास्थलमा लैजाने व्यवस्था गर्न तथा मतगणनाको लागि तयार गरिएको मतगणनास्थलमा मतपेटिका खोल्नुअघि अनिवार्यरूपमा निसङ्क्रमण गर्न पनि आयोगले भनेको छ। मतदानस्थल र मतगणनास्थलमा अनावश्यक भीडभाड हुन नदिने र प्रवेशलाई कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था मिलाउन तथा मतदानस्थलमा अनिवार्यरूपमा आवश्यक उपकरणसहितको एक एम्बुलेन्सको व्यवस्था गर्न भनिएको छ। एम्बुलेन्सको व्यवस्था सम्बन्धित प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयको समन्वयमा सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अस्पतालले गर्ने पर्नेछ।

निर्वाचनका लागि सम्बन्धित प्रदेशभित्रका प्रदेशसभा सदस्य, नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष निर्वाचनमण्डलका सदस्य हुने हुँदा निर्वाचन हुनुभन्दा ७२ घण्टाअघि निज मतदाता पिसीआर परीक्षणका लागि कुनै स्वास्थ्य संस्थामा सम्पर्क गर्न पुगेमा प्राथमिकताका साथ परीक्षणको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयले गर्नु पर्नेछ।

आयोगका अनुसार निर्धारण गरेको मापदण्डसमेतका आधारमा सम्बन्धित निर्वाचन अधिकृतले मतदानस्थल तथा केन्द्रको अवस्था हेरी आवश्यकतानुसार स्वास्थ्य, सुरक्षासम्बन्धी व्यवस्था गर्ने छन्। मतदान केन्द्रमा अनिवार्यरूपमा आवश्यक मात्रामा मास्क, स्यानिटाइजर, टिस्यु पेपर, साबुनपानी तथा फोहर राख्ने टोकरीको व्यवस्था हुनेछ।

प्रत्येक मतदाता मतदान केन्द्रमा प्रवेश गर्नुअघि तापक्रम जाँच गर्नुपर्नेछ। तापक्रम जाँच गर्दा मतदान केन्द्रमा खटिने स्वास्थ्यकर्मीले प्रत्येक मतदातालाई पछिल्लो १४ दिनयता ज्वरो वा रुघाखोकी वा अन्य कोभिड-१९ को लक्षण देखिएको छ-छैन बुझी मतदाताको उच्च तापक्रम देखिएमा र कोभिड-१९ सङ्क्रमणको कुनै लक्षण देखिएमा छुट्टै व्यवस्था गरी मतदान गर्ने व्यवस्था मिलाइनेछ।

मतपत्र दिने कर्मचारीले मतपत्रको अर्धकट्टीमा मतदातालाई हस्ताक्षर गराउँदा सकेसम्म मतदाताकै कलमबाट हस्ताक्षर गराउन तथा मतदाताले ल्याप्चे लगाउने भएमा ल्याप्चे लगाइसकेपछि टिस्यु पेपरले हात सफा गरी उक्त टिस्यु पेपरलाई फोहर टोकरीमा हाल्नुपर्नेछ।

सङ्क्रमण देखिएका मतदातालाई मतदान गर्न छुट्टै मतपेटिका राख्न आवश्यक देखिएमा मतदान केन्द्रमा खटिएका कर्मचारीबाट व्यवस्थापन गर्ने गरी निर्वाचन अधिकृतको स्वीकृतिमा मतदान अधिकृतले छुट्टै मतपेटिकाको व्यवस्था गरी मतदान गराउन सकिनेछ। त्यसरी मतपेटिकाको व्यवस्था गरिएकामा उक्त मतपेटिका छुट्टै राखी निसङ्क्रमण गरी अन्य मतपेटिकाको मतपत्रसँग मिसाई मतदानको गोपनियता अक्षुण राखी गणना गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

आयोगले मतगणनास्थलमा सामाजिक दूरी कायम हुने गरी मतगणना कार्य गर्न आवश्यक व्यवस्था मिलाउनका साथै अनावश्यक भीडभाड हुन नदिन अनावश्यक प्रवेशमा रोक लगाउन सुझाव दिएको छ। आयोगले कोभिड सङ्क्रमण पुष्टि भएको मतदाता मतदान गर्न आएमा त्यस्ता मतदातालाई प्राथमिकताका साथ छुट्टै लाइनमा राखी अन्यको मतदानको कार्य केही समयका लागि स्थगन गरी हातमा पञ्जा, मास्क र फेसशिल्ड लगाई मतदान गर्न लगाई उहाँले प्रयोग गरेका मतदानस्थलमा सामग्री निसङ्क्रमण गरी पुनः नियमित मतदानको कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउन भनेको छ।

आयोगका सहायक प्रवक्ता कोमलप्रसाद धमलाका अनुसार निर्धारण गरेको मापदण्डसमेतको आधारमा सम्बन्धित निर्वाचन अधिकृतले मतदानस्थल तथा केन्द्रको अवस्थाअनुसार थप स्वास्थ्य सुरक्षासम्बन्धी विशेष व्यवस्था गर्न सक्नेछ। आसन्न निर्वाचनलाई सुरक्षित र व्यवस्थितरूपमा सम्पन्न गर्न गराउन आवश्यक सहयोगका सबैसँग आयोगले आग्रह गरेको छ।

# पश्चिमी वायुको प्रभावले वर्षा र हिमपातको सम्भावना

काठमाडौं, ६ माघ (रासस)।

हाल देशमा पश्चिमी वायुको प्रभाव रहेको छ। उक्त मौसमी प्रणालीको प्रभावले आगामी तीन दिनसम्म देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भेगका थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भेगमा हल्का हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

काठमाडौंको आकाशमा बिहानैदेखि बाक्लो तुवालो लागेकाले केही चिसो महसुस गरिएको छ। बिहान छिटफुट वर्षासमेत भएको छ। महाशाखाले पनि वर्षा र हिमपातको सम्भावनाले चिसो थप बढ्नसक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

महाशाखाका अनुसार हाल सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेशलगायत अन्य प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रहेको छ। साथै पश्चिम र पूर्वी तराई भेगमा हुस्सु/कुहिरो लागेको छ। दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रहनेछ। पहाडी भेगका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ।

रातिको समयमा देशभर आंशिकदेखि सामान्य बदली रहने छ। प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका एक दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ।

शुक्रबार पनि देशभर आंशिकदेखि सामान्य बदली रही हरेक प्रदेशका केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ। महाशाखाको पछिल्लो विवरणमा बिहीबार काठमाडौंको अधिकतम तापक्रम पाँच दशमलव दुई र अधिकतम तापक्रम १८ डिग्री सेल्सियस रहेको छ।

# भन्सार छलीका सामानसहित ट्रक र चालक नियन्त्रणमा

वीरगञ्ज, ६ माघ (रासस)।

पर्साको वीरगञ्जबाट रु ५० लाखमूल्य बराबरको भन्सार छलीका सामानसहित प्रहरीले मालबाहक ट्रक र चालक नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिइएको ट्रक र चालकलाई प्रहरीले आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गोप्य सूचनाका आधारमा खटिएको टोलीले वीरगञ्ज महानगरपालिका वडा नं ८ माइस्थानस्थित सडकखण्डबाट प्र-२-०३-००१ ख ३६८९ नं ट्रक नियन्त्रणमा लिइएको थियो।

बिलबिजकभन्दा बढी खुद्रा वस्तुहरू तथा हार्डवेयर पार्टस लोड गरी काठमाण्डौ जाँदै गरेको उक्त मालबाहक ट्रकलाई नियन्त्रणमा लिएर थप कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पठाइएको हो।

ट्रक चालक वीरगञ्ज-२ छपकैया बस्ने ३२ वर्षका रौफ आलमलाई पक्राउ गरिएको पर्साका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभयो।

# पत्रकार विश्वकर्माको निधन

काठमाडौं, ६ माघ (रासस)।

पत्रकार एलबी विश्वकर्माको निधन भएको छ। टिभी टुडे टेलिभिजनमा कार्यरत पत्रकार विश्वकर्माको बिहीबार बिहान उपचारको क्रममा मृत्यु भएको ललितपुरस्थित पाटन अस्पतालले जनाएको छ। उहाँलाई श्वासप्रश्वासमा समस्या देखिएपछि बुधबार राति अस्पताल लगिएको थियो।

बुधबार राति स्वास्थ्यमा समस्या आएपछि उहाँलाई पाटन अस्पतालको कोभिड वार्डमा भर्ना गरिएको थियो। अछाम रामारोशन-५ निवासी २४ वर्षीय विश्वकर्माका श्रीमती र एक छोरा छन्।

## विश्व समाचार

# 'मैले गरेको काममा माफी मागिदनँ' राष्ट्रपति बाइडेन

वासिङ्गटन (अमेरिको), ६ माघ, (रासस-एएनआई)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार अफगानिस्तानबाट फिर्ता हुने आफ्नो निर्णयको बचाउ गर्दै आफूले गरेको कामको लागि माफी नमाग्ने बताउनुभएको छ।

आफ्नो कार्यकाल एक वर्ष पूरा गरेको अवसरमा बोल्दै उहाँले भन्नुभयो, "अफगानिस्तानबाट २० वर्षपछि सजिलै बाहिर निस्कने कुनै उपाय थिएन। जतिसुकै गरे पनि त्यसो गर्नु सम्भव थिएन त्यसैले मैले गरेको कामका लागि म माफी मागिदनँ।"

"यद्यपि, बाइडेनले अगस्टको मध्यमा तालिबानले सत्ता कब्जा गरेपछि विकसित अफगानिस्तानको सङ्कटप्रति भने सहानुभूति व्यक्त गर्नुभएको छ।

पोटसले भने कि "तालिबानको अयोग्यताको कारण अफगानिस्तानमा के भइरहेको छ", भनेर आफूलाई नराम्रो लाग्यो। "मलाई ती महिला र पुरुषहरूका लागि ठूलो चिन्ता छ जुन उनीहरूमाथि आतङ्कवादी हमलाले विमानस्थलमा पारेको पीडाप्रति दुःख छ।"

अफगानिस्तानको निर्णयबाट आफ्नो फिर्तीको बचाऊ गर्दै बाइडेनले असफलताको लागि अघिल्लो प्रशासनलाई दोष दिनुभएको छ।

"यदि हामी बाहिर नआएको भए हामीले धेरै बलहरू भित्रचाउने थियौँ ... तालिवानको अक्षमताको परिणामको रूपमा के भइरहेको छ भनेर मात्र भएन "विश्वभरि जेजे भइरहेको छ हामी हरेक समस्या समाधान गर्न सक्दैनौं। र त्यसैले म यसलाई योग्यताको मुद्दाको रूपमा पनि हेर्दिनँ", राष्ट्रपति बाइडेनले भन्नुभयो।

"एउटै सरकारको अधीनमा अफगानिस्तानलाई एकीकरण गर्न कोही सक्षम हुनेछ भन्ने लाग्छ भने आफ्नो हात उठाउनुहोस्; यो ठोस कारणका लागि साम्राज्यहरूको चिहान भएको छ; यो एकताको लागि संवेदनशील छैन," बाइडेनको टिप्पणी छ।

उहाँले अफगानिस्तानले अमेरिकालाई पारेको आर्थिक बोझको विषय पनि उठाउँनुभएको छ। अमेरिकी सेनालाई अफगानिस्तानमा राख्न निकै खर्च हुने सन्दर्भ उद्धृत गर्दै उहाँले शान्तिपूर्ण समाधानमा कुनै सम्भावना नभएको उल्लेख गर्नुभयो।

# ब्राजिलमा २४ घन्टामा ३३८ कोरोना संक्रमितको मृत्यु

रियो डि जेनेरियो, ६ माघ (रासस/सिन्ह्वा)।

ब्राजिलमा गएको २४ घन्टामा कम्तीमा पनि ३३८ जना कोरोना सङ्क्रमितको निधन भएको छ। ब्राजिलका स्वस्थ्य अधिकारीहरुले सो जानकारी दिएका हुन्।

उनीहरुका अनुसार यहाँ पछिल्लो समयमा कोरोना भाइरसको संक्रमणसँगै मृत्युको संख्या पनि अघिल्लो महिनाका तुलनामा बढिरहेको छ।

यस देशमा अहिलेसम्म कोरोना भाइरसको सङ्क्रमणबाट कम्तीमा पनि ६ लाख २१ हजार ८८५ जनाको ज्यान गएको छ। ब्राजिल कोरोना भाइरसका कारण ज्यान जाने विश्वकै दोस्रो ठूलो देश हो। विश्वमा कोरोनाका कारण सबैभन्दा बढी अमेरिकामा मृत्यु भएको छ।

यसैगरी यहाँ गएको २४ घन्टामा २ लाख भन्दा बढी सङ्क्रमित भएका छन्। यहाँ अहिलेसम्ममा २ करोड ३४ लाखभन्दा बढी नागरिक सङ्क्रमित भएका ब्राजिलको स्वास्थ्य मन्त्रालयको तथ्यांकमा देखाइएको छ।

# भारतमा एकैदिनमा थप तीन लाख १७ हजार सङ्क्रमित

नयाँ दिल्ली, ६ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप तीन लाख १७ हजार ५३२ जना सङ्क्रमित थपिएका छन्। भारतमा पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितहरुको सङ्ख्यामा दिन प्रति दिन वृद्धि हुदै आइरहेको अधिकारीहरुले जनाएका छन्। गत २४ घण्टामा परिक्षण गरिएका मध्ये १६.४१ प्रतिशतलाई कोरोना पोजेटिभ देखिएको जनाइएको छ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या १९ लाख २४ हजार ५१ रहेको छ।

पछिल्लो २४ घण्टामा भारतमा कोरोनाभाइरसबाट दुई लाख २३ हजार ९९० जना सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या तीन करोड ५८ लाख ७ हजार २९ पुगेको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९३.६९ प्रतिशत रहेको जनाइएको छ।

पछिल्लो एक दिनमा ४९१ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको सङ्ख्या चार लाख ८७ हजार ६९३ रहेको छ।

कोरोना सुरु भएदेखि हालसम्म भारतमा ७० करोड ९३ लाख भन्दाबढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५९ करोड ६७ लाख भन्दा बढी कोरोनाविरुद्ध खोपको डोज लगाइएको छ।

# टि २० विश्वकप क्रिकेट छनोटका लागि घोषित टिममा सप्तरीका बिबेक यादव परे

**दैनिक समाचारदाता**
**राजबिराज, ६ माघ ।**

आगामी फेब्रअरी १७ तारिख देखि ओमानमा हुने टि ट्वान्टी क्रिकेट विश्वकप ग्लोबल छनोट प्रतियोगिताका लागि १६ सदस्यीय टिमको घोषणा गरिएको छ ।

नेपाल क्रिकेट संघले बिहीबार घोषणा गरेको उक्त टिममा सप्तरीका अलराउन्डर बिवेक यादव पर्न सफल भएका छन् । उनले हालै सम्पन्न प्रधानमन्त्री कप टि २० राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका थिए ।

प्रदेश २ को प्रतिनिधित्व गरेका बिबेक यादव पछिल्लो समय घरेलु क्रिकेटमा पनि उत्कृष्ट प्रदर्शन गर्दै आएका छन् । यु १९ राष्ट्रिय टिमको लागि खेलिसकेका अलराउण्डर यादवले प्रधानमन्त्री कपमा ४ खेलमा ८७ रन बनाएका थिए । गत वर्ष एभरेस्ट प्रिमियर लिगमा शानदार ब्याटिंग गरेका यादवले ५ इनिङमा १ सय १६ रन बनाएका थिए ।



सन्दिप लामिछानेको कप्तानीमा ब्याट्सम्यानहरुमा कुशल भुर्तेल, आसिफ शेख, दिपेन्द्र ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेसवाकर, आरिफ शेख, कुशल मल्ल, बिबेक यादव, प्रदिप ऐरी र लोकेश बम छन् भने बलरहरुमा करन केसी, अबिनाश बोहरा, कमल सिंह ऐरी, जितेन्द्र मुखिया र शाहब आलम छनोट भएका छन् ।


नेपालले ओमानमा फ्रेबअरी १७ देखि २४ तारिखमा ग्लोबल क्वालीफायर 'ए' खेल्दैछ । प्रतियोगितामा नेपालसहित आयोजक ओमान, आयरल्याण्ड, जर्मनी, फिलिपिन्स, युएई, बहराईन, क्यानडा प्रतिस्पर्धा गर्दैछन् ।

## पीसीआर शुल्क घटचो

काठमाडौँ, ६ माघ (रासस) ।

सरकारले कोरोना भाइरसको पीसीआर परीक्षणको शुल्क घटाएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोभिड-१९ को पीसीआर परीक्षणको शुल्कमा समायोजन गरिएको बताउनुभयो ।

उहाँका अनुसार सरकारी अस्पताल तथा प्रयोगशालामा रु ८०० र निजी अस्पताल तथा प्रयोगशालामा एक हजार ५०० भन्दा बढी लिने नपाउने गरी नयाँ शुल्क तोकिएको बताउनुभयो । सरकारले यसअघि सरकारी अस्पताल तथा प्रयोगशालामा रु एक हजार र निजी अस्पताल तथा प्रयोगाशालाले रु दुई हजार लिने गरेका थिए । कोरोनाको लक्षण देखिएका सबैको सरकारी अस्पताल तथा प्रयोगशालाले निःशुल्क पीसीआर परीक्षण गरिने गरिरहेको छ ।


अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


## सरकारसँग औषधि पर्याप्त छ : मन्त्रालय

काठमाडौँ, ६ माघ (रासस) ।

सरकारले कोरोना भाइरसको उपचारका लागि आवश्यक पर्ने सबै औषधि उपकरण पर्याप्त रहेको जनाएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार गरेको नियमित पत्रकार सम्मेलनमा सहप्रवक्ता डा समिरकुमार अधिकारीले कोरोना भाइरसको विरुद्ध उपचार गर्ने औषधि र उपकरण पर्याप्त रहेको बताउनुभयो ।

हाल नेपालमा सिटामोललगायत कुनै पनि औषधिको अभाव नरहेको उहाँको भनाइ छ । उहाँका अनुसार स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखासँग १० लाख र सरकारी फार्मेसीमा एक करोडभन्दा बढी सिटामोल छ ।

मन्त्रालयले सिटामोललगायत औषधिको तत्काल अद्यावधिक गर्नका लागि सबै सरकारी अस्पताल, प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई निर्देशन दिइरहेको छ । "यदि कुनै सरकारी अस्पतालका सिटामोल औषधि कम हुन आएमा नेपाल औषधि लिमिटेडसँगै सिधै सम्झौता गरी खरिद गर्न सकिने छ", उहाँले भन्नुभयो, "सोहीअनुसार औषधि खरिद गरी बिरामीलाई सहज बनाउन हुन सबै सरकारी अस्पताललाई अनुरोध छ ।"

यसका साथै स्वास्थ्य सेवा विभागले पनि सिटामोललगायत अन्य अत्यावश्यक औषधिको पनि खरिद प्रक्रिया अगाडि बढाइसकेको उहाँको भनाइ रहेको छ । ठूला अस्पताल र प्रादेशिक अस्पताललाई पनि अत्याश्यक औषधिको खरिद प्रक्रिया अगाडि बढाउनसमेत मन्त्रालयले अनुरोध गरेको छ ।

## पेट्रोलियम पदार्थको मूल्य बढचो

काठमाडौँ, ६ माघ (रासस) ।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । पेट्रोलियम पदार्थको कारोबारबाट चर्को घाटा बेहोरेको निगमले इन्डियन आयल कर्पोरेशन (आइओसी)लाई इन्धन खरिदबापतको रकम अपुग भएपछि डिजेल, पेट्रोल, मट्टितेल र हवाई इन्धनको मूल्यवृद्धि गरेको हो ।

निगमले बुधबारराति १२ बजेदेखि लागू हुनेगरी डिजल, मट्टितेल र पेट्रोलमा प्रतिलिटर तीन रुपैयाँ तथा आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिर रु पाँच तथा अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको मूल्यमा प्रतिकिलोलिटर १०० अमेरिकी डलर वृद्धि गरेको हो ।

मूल्यवृद्धि भएसँगै डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १२२, पेट्रोलको मूल्य १३९, हवाई इन्धन (आन्तरिक)को प्रतिलिटर रु १०६ र हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ) प्रतिकिलोलिटर ९९५ अमेरिकी डलर पुगेको छ । एलपी ग्यासमा अत्यधिक घाटा भए पनि ग्यासको मूल्य यथावत राखिएको निगमले जनाएको छ ।

पेट्रोलियमको मूल्य बढे पनि अझै निगमलाई १५ दिनमा रु एक अर्ब ८८ करोड घाटा हुने प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । निमलाई अझै पेट्रोलमा प्रतिलिटर १० रुपैयाँ ७२ पैसा, डिजेलमा छ रुपैयाँ ३३ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ६४६ रुपैयाँ १६ पैसा घाटा छ ।

## त्रिविको सबै परीक्षा स्थगित

**दैनिक समाचारदाता**
**काठमाडौँ, ६ माघ ।**

त्रिभुवन विश्वविद्यालयले आउँदो आइतवारदेखिका सबै परीक्षा स्थगित गरेको छ ।

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले एक सूचना निकालेर माघ ९ गतेदेखिका सबै परीक्षा अर्को सूचना नआएसम्मका लागि स्थगित गरेको जानकारी गराएको हो ।

बिहीबार बसेको बैठकले कोरोना संक्रमणको बढ्दो जोखिमको कारण विश्वविद्यालयका सबै परीक्षा स्थगित गर्ने निर्णय गरेको सूचनामा उल्लेख छ । काठमाण्डौ विश्वविद्यालयले यस अघि नै आफ्ना परीक्षा स्थगित गरिसकेको छ ।


जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*